राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ८ अंक ३३ २०८३ भदौ ५ गते शुक्रवार (21 Aust 2026) पृष्ठ ४ मूल्य रू. ३।-

## लोककल्याणकारी विज्ञापनलाई व्यवस्थित बनाउन निर्देशन

दैनिक समाचारदाता

काठमाडौं, ४ भदौ । सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले पत्रपत्रिका वर्गीकरण र लोककल्याणकारी विज्ञापन वितरण प्रणालीलाई पारदर्शी, व्यवस्थित र प्रभावकारी बनाउन सुधारको गृहकार्य थाल्न निर्देशन दिनुभएको छ ।

सूचना तथा सञ्चार मन्त्रालयमा बिहीबार सूचना तथा प्रसारण विभाग र प्रेस काउन्सिल नेपालका अधिकारीसँग भएको छलफलमा एउटै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेका धेरै पत्रपत्रिकाले लोककल्याणकारी विज्ञापन लिने गरेको, वास्तविकभन्दा बढी पत्रिका छापेको विवरण पेस गर्ने तथा काउन्सिलमा बुझाइएको विवरण र वास्तविक प्रकाशन संख्याबिच फरक हुने, वर्गीकरणको मापदण्ड स्पष्ट नरहेको लगायतका समस्या उठाइएको थियो ।

छलफलमा मन्त्रालयको सम्बन्धित महाशाखा प्रमुख, सूचना तथा प्रसारण विभागका निमित्त महानिर्देशक अनुप नेपाल, प्रेस काउन्सिल नेपालका मुख्य अधिकृत झबिन्द्र भुसाल र वरिष्ठ प्रशासकीय अधिकृत दीपक खनाललगायतको सहभागिता थियो । विभाग र काउन्सिल अधिकारीहरूका अनुसार केही पत्रपत्रिकाले काउन्सिलमा पेस गरेको विवरणभन्दा कम सख्यामा प्रकाशन गर्ने गरेको पाइएको छ ।

नमुना छनोट गरी प्रेस तथा पत्रपत्रिका कार्यालयको स्थलगत निरीक्षण गर्दा पनि कतिपय अवस्थामा पेस गरिएको विवरण र वास्तविक अवस्थाबिच फरक भेटिएको पनि उहाँहरुको भनाइ छ । त्यस्तै, हाल पत्रपत्रिका वर्गीकरण गर्दा वास्तविक वितरणको संख्या हेर्न सम्बन्धित सञ्चार संस्थाको स्वघोषणा र लेखापरीक्षणबाट प्राप्त विवरणलाई आधार बनाउने गरिएको उहाँहरुको भनाइ छ ।

छलफलपछि सञ्चारमन्त्री तिमिल्सिनाले वास्तविक प्रकाशन तथा वितरण सङ्ख्या यकिन गर्ने

बाँकी पृष्ठ ३ मा

आत्महत्या समस्याको समाधान होइन:

*आत्महत्याका प्रमुख कारणहरू:*
- मानसिक तनाव, अवसाद, एक्लोपन वा निराशा,
- हिंसा, पारिवारिक झगडा वा सम्बन्ध विच्छेद र प्रेममा असफलता,
- गरिबी, बेरोजगारी, आर्थिक संकट र ऋण लाग्नु,
- हीनताबोध, आवेग र घुर्की देखाउनु,
- व्यक्तिगत र पारिवारिक इच्छा, आकांक्षा पूरा हुन नसक्नु,
- सोचेअनुसार सफलता प्राप्त नहुनु,
- सामाजिक बहिष्कार वा दुर्व्यवहार लगायत।

*रोकथामका लागि:*
- आफन्त, साथी वा विश्वासिलो व्यक्तिसँग समस्याका बारेमा खुलेर कुरा गरौं,
- तनाव वा समस्या परेमा मनोचिकित्सक वा परामर्शकर्ताको सहयोग लिऔं,
- आत्महत्याको सोच आएमा तत्काल परिवारका सदस्यलाई बताऔं वा सहायता केन्द्रमा सम्पर्क गरौं,
- तनाव र निराशामा रहेका व्यक्तिको समस्या सुनौं र सहयोग गरौं ।

*"एक-अर्काको सहारा बनौं, आत्महत्या होइन समस्याको समाधान खोजौं"*

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# मधेशमा फैलिँदो लम्पी स्किन २१ चौपायाको मृत्यु

## सात जिल्लाका ७६ वडा प्रभावित, उपचार र खोप व्यवस्थापन प्रभावकारी नहुँदा संक्रमण नियन्त्रणमा चुनौती

दैनिक समाचारदाता

जनकपुरधाम ४ भदौ । मधेश प्रदेशमा चौपायामा लाग्ने लम्पी स्किन रोगको संक्रमण तीव्र रूपमा फैलिँदै गएको छ। संक्रमण नियन्त्रणका लागि समयमै उपचार, खोप तथा आवश्यक व्यवस्थापन प्रभावकारी रूपमा सञ्चालन हुन नसक्दा प्रदेशका सात जिल्लाका ७६ वडा रोगको चपेटामा परेका छन्। संक्रमणका कारण हालसम्म २१ चौपायाको मृत्यु भइसकेको छ।



पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, मधेश प्रदेशका अनुसार पर्साबाहेक प्रदेशका सातवटै जिल्लामा लम्पी स्किनको संक्रमण फैलिएको छ। हालसम्म आठ गाई, चार गोरु र ३०८ बाछाबाछी गरी ३२० चौपाया संक्रमित भएको तथ्याङ्क निर्देशनालयले सार्वजनिक गरेको छ। प्रभावित जिल्लामा संक्रमित चौपायाको विवरण अद्यावधिक गर्ने काम जारी रहेकाले यो संख्या अझ बढ्न सक्ने जनाएको छ।

निर्देशनालयका निर्देशक जागेश्वर यादवका अनुसार लम्पी स्किनका कारण रौतहटमा १२, महोत्तरीमा सात र बारामा दुई बाछाबाछी गरी २१ चौपायाको मृत्यु भएको छ।

वरिष्ठ पशु विकास अधिकृत डा. राजकुमार साहका अनुसार रौतहटमा संक्रमणको अवस्था बढी देखिएको छ। चन्द्रपुर नगरपालिकासहित गढीमाई, ईशनाथ, राजपुर, दुर्गाभगवती र यमुनामाईलगायत स्थानीय तहमा संक्रमण फैलिएको उहाँले जानकारी दिनुभयो।

निर्देशनालयका अनुसार सप्तरीका १८, सिरहाका नौ, धनुषाका १६, महोत्तरीका सात, सर्लाहीका दुई, रौतहटका छ र बाराका ११ गरी सात जिल्लाका ७६ वडा प्रभावित भएका छन्।

महोत्तरीमा भने असारदेखि नै संक्रमण फैलिन थालेको पशु चिकित्सकहरूले बताएका छन्। निर्देशनालयका अनुसार बर्दिबास, भङ्गाहा, सोनमा, मनराशिसवा, पिपरा, जलेश्वर र लोहरपट्टी क्षेत्रमा १२० भन्दा बढी चौपाया संक्रमित भएका छन्। साउनयता बर्दिबास नगरपालिकाका १४ वटै वडामा संक्रमण फैलिएको जनाइएको छ।

बर्दिबास नगरपालिकास्थित पशु सेवा शाखाका अधिकृत मोहनकुमार खड्काका अनुसार यसपटक एकदेखि डेढ वर्ष उमेर समूहका बाछाबाछी, बहर तथा कोरलीमा संक्रमण बढी देखिएको छ। उहाँका अनुसार हालै वडा नम्बर १४ मा ११ महिनाको एउटा कोरलीको मृत्यु भएको छ।

बाँकी पृष्ठ ३ मा

# दश क्विन्टल गाँजासहित दुई जना पक्राउ

दैनिक समाचारदाता

सर्लाही, ४ भदौ । सर्लाहीको बेग्लाबेग्लै स्थानबाट दश क्विन्टल बढी गाँजासहित दुई जना पक्राउ परेका छन् । जिल्लाको लालबन्दी नगरपालिका र कौडेना गाउँपालिकाबाट ठुलो परिमाणमा लागुऔषध गाँजासहित दुईजना पक्राउ परेका हुन् । जिल्लाको उत्तरी चुरेभेगस्थित लालबन्दी नगरपालिका (१४, डाइनीखोलाबाट ७४३ केजी ९८० ग्राम गाँजासहित स्थानीय ६७ वर्षीय नरबहादुर थिङ र ५२ वर्षीया जेसुनमाया थिङ पक्राउ परेका छन् ।

घरमा गाँजा लुकाएर राखिएको सूचना पाएपछि इलाका प्रहरी कार्यालय लालबन्दी र लागुऔषध नियन्त्रण ब्युरो कार्यालय बर्दिवासबाट खटिएको प्रहरी टोलीले नरबहादुर र जेसुनमायाको घरमा डूम तथा बोराभित्र लुकाइराखिएको गाँजा बरामद गरेको हो । प्रहरी टोलीले सो स्थानमा मकैबारीभित्र दुई कामा रहेको गाँजाको बेर्नासमेत नष्ट गरेको छ ।

सर्लाहीको सबैभन्दा विकट क्षेत्रमा पर्ने नारायणखोलास्थित डाइनीखोलामा गाँजा बरामद गर्न प्रहरी टोली दुईवटा ट्याक्टर चढेर पुगेका थिए । सडक नपुगेको त्यस ठाउँमा बाढी आएर खोलाबाट गाडी जान नसकेपछि प्रहरीहरु गाँजा बरामदका लागि ट्याक्टर चढेर पुगेका हुन् ।




प्रहरीले बारम्बार नारायण खोलाबाट गाँजा बरामद गर्ने र गाँजाको खेती नष्ट गर्ने गर्दै आइरहेको छ । भौगोलिक हिसाबले विकट रहेको यस ठाउँका स्थानीयले प्रहरीको उपस्थिति नहुने भएकाले गाँजा खेती गर्दै आइरहेका छन् ।

गाँजा खेतीबाट नारायणखोलासहित सर्लाहीको चुरेभेगको स्थानीयले राम्रो आम्दानी गर्दै आइरहे पनि नेपालको विद्यमान कानुनले गाँजालाई अवैध खेती र लागुऔषध मानेको छ । यस्तै, प्रहरीले सर्लाहीको दक्षिणी भेगस्थित कौडेना गाउँपालिका


बाँकी पृष्ठ ३मा

अब अनलाइनबाट बुकिङ्गको सुविधा

divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
- दखाई बिनाको सत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020



## सम्पादकीय

# सुरक्षा सक्रियता र परिणामको परीक्षा

धनुषा प्रहरीले चालु आर्थिक वर्ष २०८३/८४ को पहिलो महिना साउनमा सार्वजनिक गरेको कार्यसम्पादन विवरणले प्रहरी प्रशासनको सक्रियता देखाएको छ। अपराध नियन्त्रणदेखि लागूऔषध नियन्त्रण, फरार प्रतिवादी पक्राउ, ट्राफिक व्यवस्थापन, विपद् उद्धार, तस्करी नियन्त्रण तथा नागरिक सहायता सेवासम्म प्रहरीको उपस्थिति व्यापक रहेको तथ्यांकले देखाउँछ। एक महिनामै १३४ वटा अपराधसम्बन्धी घटना दर्ता हुनु र २८ हजारभन्दा बढी पटक प्रहरी जनशक्ति परिचालन गरिनु जिल्लाको सुरक्षा चुनौती र प्रहरी सक्रियता दुवैको संकेत हो।

तर सुरक्षा व्यवस्थाको मूल्यांकन केवल कति प्रहरी परिचालन भयो वा कति पटक गस्ती गरियो भन्ने संख्याले मात्र हुन सक्दैन। अपराध घट्यो कि घटेन, नागरिकले आफूलाई कति सुरक्षित महसुस गरे, पीडितले समयमै न्याय पाए कि पाएनन् र अपराधीमाथि कानुनी कारबाही कति प्रभावकारी भयो भन्ने प्रश्न अझ महत्वपूर्ण छन्। साउनमा ८७ जना चालु मुद्दाका प्रतिवादी र १९० जना फरार अभियुक्त पक्राउ पर्नु सकारात्मक उपलब्धि हो। तर जिल्लामा अझै ठूलो संख्यामा मुद्दा र प्रतिवादी पेन्डिङ रहनुले अनुसन्धान र न्यायिक प्रक्रियाको प्रभावकारिता बढाउनुपर्ने आवश्यकता औंल्याउँछ।

धनुषामा सवारी दुर्घटना पनि गम्भीर चिन्ताको विषय बनेको छ। एक महिनामै ८७ वटा दुर्घटना हुनु, पाँच जनाको ज्यान जानु र १४५ जना घाइते हुनु सामान्य तथ्यांक होइन। दुर्घटनाका कारणमा यात्रु वा सवारको भूमिका, चालकको लापरबाही तथा सडकको अवस्थालाई औंल्याइएको छ। यसले केवल ट्राफिक नियम उल्लंघनमा जरिवाना गर्नेभन्दा सडकको अवस्था सुधार, चालक र यात्रुको व्यवहार परिवर्तन तथा प्रभावकारी नियमनमा जोड दिनुपर्ने देखाउँछ।

लागूऔषध नियन्त्रण, सीमा क्षेत्रमा निगरानी, भन्सार छली तथा प्राकृतिक स्रोतको अवैध दोहनविरुद्ध प्रहरीले चलाएको अभियान पनि निरन्तर र परिणाममुखी हुनुपर्छ। धनुषाको खुला सीमा र बढ्दो सामाजिक चुनौतीका कारण सुरक्षा निकायले सूचना संकलन र अन्तरनिकाय समन्वयलाई अझ प्रभावकारी बनाउनुपर्ने आवश्यकता छ।

महिला, बालबालिका र ज्येष्ठ नागरिकसँग सम्बन्धित उजुरीको ठूलो संख्या अर्को संवेदनशील पक्ष हो। घरेलु हिंसालगायतका अधिकांश विवाद मिलापत्रबाट टुंग्याइएको तथ्यांकलाई मात्र सफलता मान्न मिल्दैन। मिलापत्र पीडितको स्वतन्त्र इच्छा, सुरक्षा र न्यायको आधारमा भएको छ कि छैन भन्ने विषयमा पनि गम्भीर ध्यान आवश्यक छ। पीडितमैत्री सेवा र कानुनी संरक्षणलाई प्राथमिकतामा राख्नुपर्छ।

प्रहरीको जनचेतनामूलक कार्यक्रम, विद्यालय तथा समुदायसँगको सहकार्य र नागरिक सहायता सेवा विस्तार सकारात्मक पहल हुन्। अपराध नियन्त्रण केवल प्रहरीको जिम्मेवारी मात्र होइन; सचेत नागरिक, स्थानीय तह, विद्यालय, परिवार र समुदायको सहकार्य पनि उत्तिकै आवश्यक हुन्छ।

धनुषा प्रहरीले देखाएको सक्रियतालाई निरन्तरता दिँदै अब संख्यात्मक उपलब्धिभन्दा गुणात्मक परिणाममा केन्द्रित हुनुपर्छ। गस्तीको संख्या होइन, अपराधमा आएको कमी; पक्राउको संख्या होइन, दोषीमाथि भएको कानुनी कारबाही; र कार्यक्रमको संख्या होइन, नागरिकको सुरक्षाबोध नै प्रहरी सेवाको वास्तविक मापन हुनुपर्छ। सक्रियता प्रशंसनीय छ, तर त्यसलाई दीर्घकालीन सुरक्षा र नागरिक विश्वासमा रूपान्तरण गर्नु नै अबको मुख्य चुनौती हो।

# वामपन्थी शासन : व्यवहार कि भाषण ?



समिक बडाल

नेपालको कम्युनिस्ट आन्दोलन लामो संघर्ष, त्याग र बलिदानको इतिहासमा अडिएको छ। तर, इतिहासको गौरव वर्तमानको प्रमाणपत्र बन्न सक्दैन। हिजो परिवर्तनका लागि लडेका कारण आजको नेतृत्व स्वतः परिवर्तनकारी हुन्छ भन्ने मान्यता अब सान्दर्भिक छैन।

आजको मुख्य प्रश्न हो– कम्युनिस्ट पार्टीको नेतृत्व गर्नेहरू स्वयं कति कम्युनिस्ट छन् ? जनताको जीवन बदल्ने राजनीति उनीहरूको व्यवहारमा कति झल्किन्छ ? अनि जबज (जनताको बहुदलीय जनवाद) भाषण सजाउने शब्द मात्रै हो कि शासन सञ्चालनको व्यावहारिक दर्शन ? यसको इमानदार उत्तर खोज्दा नेपालको कम्युनिस्ट राजनीतिभित्रको असहज सत्य उजागर हुन्छ।

वामपन्थी विचार कमजोर भएको होइन, त्यसलाई व्यवहारमा उतार्ने राजनीतिक चरित्र भने खिइँदै गएको छ। वामपन्थी चरित्र र मूल्यको कसी वामपन्थी हुनु भनेको दाह्री-जुँगा, रातो झण्डा, मार्क्स-लेनिनका उद्धरण वा मञ्चमा क्रान्तिकारी शब्द बोल्नु मात्र होइन।

वामपन्थी हुनुको वास्तविक अर्थ हो– सत्ता र स्रोतको न्यायपूर्ण वितरण गर्नु, श्रमको सम्मान र अवसरको समानता सुनिश्चित गर्नु, सार्वजनिक संस्थाको सुदृढीकरण र भ्रष्टाचार विरुद्ध कठोर बन्नु, कमजोर नागरिकको पक्षमा राज्यको शक्ति प्रयोग गर्नु। जसको राजनीति जनताको पसिनाबाट टाढिँदै जान्छ र बिचौलियाको नजिक पुग्छ, उसको पार्टीको नाम जतिसुकै कम्युनिस्ट भए पनि चरित्रमाथि प्रश्न उठ्छ।

आजको ठूलो चुनौती नै कम्युनिस्ट मूल्य र राजनीतिक अवसरवाद बीच दूरी घट्दै जानु हो। सत्ता, साधन र जबजको व्यावहारिक परीक्षा जब पार्टीभित्र विचारभन्दा पद, सिद्धान्तभन्दा समीकरण, सङ्गठनभन्दा गुट र जनताभन्दा बिचौलियाको पहुँच निर्णायक हुन्छ; त्यहाँ वामपन्थी धार अल्पमतमा पर्छ।

यस्तो अवस्थामा समस्या व्यक्तिको चरित्रमा मात्र सीमित नरहेर समग्र राजनीतिक संस्कारमै पुग्छ। नेतृत्वको मूल्याङ्कन उसले दिने भाषणबाट होइन, उसले नियन्त्रण गर्ने स्रोत र निर्माण गर्ने संस्थाबाट हुनुपर्छ। यदि नेता सत्तामा पुगेर राज्य संयन्त्रलाई निजी सम्बन्ध, नातागोता, पहुँच र आर्थिक स्वार्थको अखडा बनाउँछ भने त्यो वामपन्थी शासन हुन सक्दैन।

निर्णय प्रक्रियामा नीति र आवश्यकताको साटो पहुँचले प्राथमिकता पाउँछ भने त्यो जबजको अभ्यास होइन। जबजको वास्तविक परीक्षा चुनाव जित्नु मात्र होइन; चुनाव जितेपछि राज्यलाई जनताको पक्षमा कति न्यायपूर्ण ढङ्गले चलाइन्छ भन्नेमा हुन्छ। आन्दोलनमा वामपन्थी देखिन र प्रतिपक्षमा हुँदा सरकारका कमजोरी गन्न सजिलो छ।

तर, सत्तामा पुगेपछि आफ्नै मान्छे, समर्थक, गुट र स्वार्थमाथि पनि कानूनको समान डण्डा चलाउन सक्नु नै वास्तविक वामपन्थीको परीक्षण हो। स्थानीय तहदेखि संघीय सरकारसम्म नयाँ राजनीतिक संस्कार आवश्यक छ। हामीले नेतृत्व गरेका कारण राज्य हाम्रो होइन, हामीले नेतृत्व गरेका कारण राज्य अझ बढी जनताको हुनुपर्छ।

नारा र भाषण होइन, परिणाममुखी राजनीति आमनागरिकले ठूला क्रान्तिकारी भाषणभन्दा सस्तो र गुणस्तरीय शिक्षा, नाराभन्दा रोजगारी, भाषणभन्दा अस्पताल र घोषणाभन्दा निष्पक्ष सेवा खोजेका छन्। नेता कति घण्टा पार्टी कार्यालयमा बसे, कुन ओहोदाका हुन् भन्नेभन्दा आफ्ना छोराछोरीले देशमै भविष्य देख्न पाए कि पाएनन् भन्ने चिन्ता जनतालाई छ। त्यसैले अबको वामपन्थी राजनीति जनतालाई के भनियो भन्दा पनि जनताले के पाए भन्ने प्रश्नबाट मापन हुनुपर्छ।

बिचौलियाकरण र नैतिक सङ्कट राजनीति जनताको प्रतिनिधित्व गर्ने माध्यम हुनुपर्नेमा यदि यो निजी आर्थिक स्वार्थको भर्‍याङ बन्छ भने यसले विचारलाई खोक्रो बनाउँछ। बिचौलियाले पार्टीलाई चन्दा दिन वा नेतासँग फोटो खिच्न सक्छ, तर उसले विचारको प्रतिनिधित्व गर्दैन। विडम्बना तब हुन्छ, जब बिचौलियाको आर्थिक शक्तिले राजनीतिक निर्णयहरू प्रभावित हुन थाल्छन्।

पैसाले पार्टीको ढोका खोल्न सक्छ, तर विचारको ढोका खोल्न पाउनुहुँदैन। कम्युनिस्ट आन्दोलनको नैतिक सङ्कट त्यतिबेला शुरु हुन्छ, जब जनताको प्रतिनिधि र आर्थिक स्वार्थको प्रतिनिधि बीच सीमा धमिलिन्छ। नेतृत्वको वरिपरि नीतिमार्ग भन्दा पहुँचकर्ता, कार्यकर्ताभन्दा कारोबारी र विचारकभन्दा व्यवस्थापक हावी हुन थालेपछि पार्टीको कार्यालय मात्र बाँकी रहन्छ। आन्दोलनको आत्मा हराउँछ।

आन्तरिक लोकतन्त्र र आत्मसमीक्षाको आवश्यकता वामपन्थी धारले आफ्नो भविष्य सुरक्षित गर्न अरूलाई दोष दिएर पुग्दैन, आफूभित्रै कठोर प्रश्नहरू सोध्नुपर्छ:

- के सङ्गठनभित्र विचारको स्वतन्त्र बहस छ ?,
- के नेतृत्व परिवर्तनलाई स्वाभाविक लोकतान्त्रिक प्रक्रिया मानिन्छ ?,
- के असहमति राख्ने कार्यकर्तालाई असल नियत राखिन्छ ?,
- के योग्यता र योगदानभन्दा निकटता महत्त्वपूर्ण भएको छ ?,
- के नेतृत्वको आलोचना गर्नेलाई अनुशासनहीन र प्रशंसा गर्नेलाई योग्य ठान्ने संस्कार बसेको छ ?

यदि यी प्रश्नको उत्तर असहज छ भने समस्या बाहिर होइन, घरभित्रै छ।

वास्तविक वामपन्थी नेतृत्वसँग आफ्ना सुविधामाथि प्रश्न गर्न सक्ने नैतिक साहस हुनुपर्छ। जनतालाई मितव्ययिताको पाठ पढाउने नेता आफैं विलासितामा रमाउँछ र पारदर्शिताको भाषण गर्ने नेतृत्वले आफ्नै आर्थिक-राजनीतिक सम्बन्ध पारदर्शी राख्दैन भने विचारको विश्वसनीयता समाप्त हुन्छ।

भविष्यको बाटो व्यक्ति होइन, संस्था निर्माण आगामी वामपन्थी राजनीति 'ठूला नेता' उत्पादन गर्नेभन्दा 'ठूला संस्था' निर्माण गर्ने दिशामा लक्षित हुनुपर्छ; जहाँ नेता बदलिंदा नीति नबदलियोस्, व्यक्तिको प्रभावभन्दा विधिको प्रभाव ठूलो होस्, स्थानीय सरकारमा भ्रष्टाचारको ठाउँ नहोस् र जनप्रतिनिधि पाँच वर्षपछि जनतासामु हिसाब दिन तयार होस्।

कम्युनिस्ट आन्दोलनलाई जोगाउन निम्न कुरामा आधारित चरित्र निर्माण अनिवार्य छ– सरकार चलाउँदा अब्बल र जनमुखी, प्रतिपक्षमा हुँदा जिम्मेवार र पहरेदार, आन्दोलनमा हुँदा अनुशासित र सङ्गठित।

पूर्ण लोकतान्त्रिक निष्कर्ष वामपन्थी हुनुको कुनै प्रमाणपत्र होइन, यो दैनिक व्यवहारबाट प्रमाणित गर्ने राजनीतिक चरित्र हो। जब पार्टीले श्रमको सम्मान गर्छ, राज्यको स्रोतलाई निजी सम्पत्ति बन्न दिंदैन, अवसरहरू आवश्यकताका आधारमा वितरण गर्छ, भ्रष्टाचारमा आफ्नैलाई पनि उन्मुक्ति दिंदैन, आलोचनालाई सुधारको अवसर मान्छ र नेतृत्वलाई जिम्मेवारीका रूपमा बुझ्छ; त्यतिबेला मात्र जबज कागजबाट व्यवहारमा प्रवेश गर्छ।

त्यस दिन नागरिकले छुट्टै घोषणा सुन्नुपर्ने छैन, उनीहरू आफैं भन्नेछन्– 'कम्युनिस्ट हुनु भनेको भाषण गर्नु होइन, शासन गर्न जान्नु रहेछ।' नेपालको कम्युनिस्ट आन्दोलनको आगामी अध्याय रातो झण्डा कति ठूलो छ भन्ने प्रश्नबाट होइन, त्यस झण्डामुनि उभिएको नेतृत्वको चरित्र कति सफा, जनमुखी र जवाफदेही छ भन्ने कुराबाट तय हुनेछ।

वामपन्थी धारको भविष्य पद जोगाएर होइन मूल्य जोगाएर, गुट बढाएर होइन जनता जोडेर र बिचौलियाको पैसा गनेर होइन श्रमिकको पसिना बुझेर मात्र निर्माण गर्न सकिन्छ। जनताको जीवनमा परिवर्तन ल्याउन नसक्ने क्रान्तिकारी भाषण इतिहासको फुटनोट मात्र बन्न सक्छ, तर जनताको जीवन बदल्ने इमानदार शासन नै कुनै पनि विचारधाराको सबैभन्दा बलियो प्रमाणपत्र हो।

साभार: अनलाइनखबरडटकम

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# व्यायामले कसरी सुधार्छ यौन जीवन ?

## नियमित र मध्यम शारीरिक गतिविधिले रक्तसञ्चार, ऊर्जा, आत्मविश्वास र मानसिक स्वास्थ्य सुधार्दै यौन इच्छा तथा कार्यक्षमतामा सकारात्मक प्रभाव पार्न सक्छ

यौन स्वास्थ्य र शारीरिक व्यायामबीच गहिरो सम्बन्ध छ। नियमित शारीरिक गतिविधिले शरीरलाई तन्दुरुस्त र मांसपेशीलाई बलियो बनाउनुका साथै यौन इच्छा तथा यौन कार्यक्षमतामा समेत सकारात्मक प्रभाव पार्न सक्छ। विज्ञहरूका अनुसार व्यायामका कारण हर्मोनको सन्तुलन, रक्तसञ्चार र मानसिक स्वास्थ्यमा सुधार आउँदा यौन जीवन पनि सहज र सन्तोषजनक बन्न सक्छ।



व्यायामले यौन जीवनमा मुख्यतः दुई किसिमले सहयोग गर्छ। पहिलो, यसले शरीरलाई उत्तेजनाका लागि शारीरिक रूपमा तयार राख्छ। दोस्रो, तनाव, चिन्ता, नकारात्मक सोच र आत्मविश्वासको कमी जस्ता मानसिक अवरोध घटाउन मद्दत गर्छ।

### *रक्तसञ्चार र उत्तेजना*

यौन उत्तेजनाका लागि शरीरका संवेदनशील अङ्गमा पर्याप्त रक्तसञ्चार आवश्यक हुन्छ। नियमित व्यायामले मुटु तथा रक्तनलीको स्वास्थ्य सुधार्दै शरीरमा रक्तप्रवाह सहज बनाउन मद्दत गर्छ। यसले महिलामा यौन संवेदनशीलता बढाउन तथा पुरुषमा लिङ्ग उत्तेजना प्राप्त गर्न र कायम राख्न सहयोग गर्न सक्छ।

दौडने, पौडी खेल्ने, साइकल चलाउने, छिटो हिँड्ने तथा योगजस्ता गतिविधिले मुटु र रक्तसञ्चार प्रणालीलाई सक्रिय राख्छन्। त्यस्तै, कम्मर तथा तल्लो पेटका मांसपेशीलाई बलियो बनाउने व्यायामले पनि यौन स्वास्थ्यमा सकारात्मक प्रभाव पार्न सक्छ।

नियमित शारीरिक गतिविधिले निद्राको गुणस्तर सुधार्ने, थकान कम गर्ने र शरीरमा ऊर्जा बढाउने भएकाले अप्रत्यक्ष रूपमा यौन इच्छामा समेत सुधार ल्याउन सक्छ।

### *मानसिक स्वास्थ्य पनि उत्तिकै महत्त्वपूर्ण*

यौन इच्छामा शारीरिक स्वास्थ्यसँगै मानसिक अवस्थाको पनि ठूलो भूमिका हुन्छ। तनाव, चिन्ता, अत्यधिक सोच्ने बानी, थकान तथा आत्मविश्वासको कमीले यौन इच्छामा असर पार्न सक्छ।

व्यायामले तनाव कम गर्न र मनलाई स्फूर्त बनाउन मद्दत गर्छ। नियमित व्यायाम गर्ने व्यक्तिमा आफ्नो शरीरप्रतिको सकारात्मक धारणा र आत्मविश्वास बढ्न सक्ने भएकाले त्यसको प्रभाव यौन जीवनमा पनि पर्न सक्छ।

### *कस्तो व्यायाम र कति समय?*

यौन स्वास्थ्यका लागि अत्यन्तै कठिन वा लामो समय व्यायाम गर्नैपर्छ भन्ने छैन। आफ्नो स्वास्थ्य र क्षमताअनुसार नियमित तथा मध्यम स्तरको शारीरिक गतिविधि पर्याप्त हुन सक्छ। हिँडडुल गर्ने, दौडने, पौडी खेल्ने, साइकल चलाउने, योग गर्ने वा घरायसी काममा सक्रिय रहनेजस्ता गतिविधि उपयोगी हुन सक्छन्।

व्यायामको समयभन्दा नियमितता र शरीरले धान्न सक्ने स्तर महत्त्वपूर्ण हुन्छ। व्यायामपछि तत्कालै शरीरका मांसपेशीमा बढी रक्तप्रवाह र थकान हुने भएकाले केही समय यौन इच्छा कम महसुस हुन सक्छ। शरीरलाई आराम दिएपछि भने सामान्य अवस्थामा फर्किन सक्छ।

अर्कोतर्फ, अत्यधिक कडा व्यायामले शरीरमा थकान, मांसपेशी दुखाइ र ऊर्जा कमी गराउन सक्छ। यस्तो अवस्थामा यौन इच्छामा सकारात्मक प्रभाव पर्नुको सट्टा उल्टो असरसमेत देखिन सक्छ। त्यसैले शरीरलाई अत्यधिक दबाब दिनेभन्दा सन्तुलित व्यायाम रोज्नु उपयुक्त हुन्छ।

### *दैनिक जीवनमै सक्रिय हुनु पर्याप्त*

यौन स्वास्थ्य सुधार्न जिममै गएर कठिन व्यायाम गर्नुपर्छ भन्ने छैन। व्यस्त दिनचर्याबीच केही समय हिँड्ने, भऱ्याङ प्रयोग गर्ने, बच्चाहरूसँग खेल्ने वा घरको काममा सक्रिय रहनेजस्ता सामान्य गतिविधिले पनि शारीरिक सक्रियता बढाउन सक्छ।

मधुमेह वा मुटुसम्बन्धी समस्या भएका व्यक्तिमा स्वास्थ्य व्यवस्थापनका लागि गरिने नियमित व्यायामले समग्र शारीरिक स्वास्थ्य सुधार्दै यौन स्वास्थ्यमा समेत अप्रत्यक्ष लाभ पुऱ्याउन सक्छ। केही औषधि सेवन गरिरहेका वा शल्यक्रियापछि स्वास्थ्यलाभ गरिरहेका व्यक्तिले भने व्यायाम सुरु गर्नुअघि चिकित्सकको सल्लाह लिनु उचित हुन्छ।

खेलकुद वा शारीरिक अभ्यासका लागि अत्यधिक कडा तालिम लिने व्यक्तिमा भने निरन्तर थकानका कारण यौन इच्छामा कमी आउन सक्छ। यस्तो अवस्थामा शरीरलाई पर्याप्त आराम र पुनःस्थापनाको समय दिन आवश्यक हुन्छ।

अन्ततः स्वस्थ यौन जीवनका लागि व्यायाम मात्र पर्याप्त हुँदैन। पर्याप्त निद्रा, सन्तुलित आहार, तनाव व्यवस्थापन र साथी वा साझेदारसँगको खुला तथा इमानदार संवाद पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ। त्यसैले यौन स्वास्थ्यका लागि कठिन नियमभन्दा नियमित, सन्तुलित र आफूलाई सहज लाग्ने शारीरिक गतिविधिलाई जीवनशैलीको हिस्सा बनाउनु बढी प्रभावकारी उपाय हुन सक्छ।

## मधेशमा.......

लम्पी स्किनको संक्रमण नियन्त्रणका लागि समयमै खोप, संक्रमित चौपायाको उपचार तथा रोग फैलिन नदिन आवश्यक जैविक सुरक्षा र व्यवस्थापनका उपाय विस्तार हुन नसक्दा किसानका पशु थप जोखिममा परेका छन्।

नयाँ आर्थिक वर्ष सुरु भएको एक महिनाभन्दा बढी समय बितिसक्दा पनि प्रदेश सरकारले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरूको खाता सञ्चालनमा नल्याउँदा भ्याक्सिनेटर नियुक्तिलगायत आवश्यक व्यवस्थापन गर्न नसकिएको सम्बन्धित केन्द्रहरूले जनाएका छन्। यसले संक्रमण नियन्त्रण अभियानलाई थप चुनौतीपूर्ण बनाएको छ।

पशु विज्ञका अनुसार 'पक्स' समूहको भाइरसबाट लाग्ने लम्पी स्किन रोगबाट संक्रमित चौपायामा उच्च ज्वरो आउने, अत्यधिक ऱ्याल झर्ने, आँखामा समस्या देखिने तथा नाकबाट पानी बग्ने जस्ता लक्षण देखा पर्छन्। शरीरमा दुईदेखि पाँच सेन्टिमिटरसम्मका कडा गाँठा देखिने, चिलाउने तथा पीप भरिएर घाउ बन्ने समस्या पनि देखिन सक्छ।

संक्रमणका कारण गर्भिणी गाईमा गर्भपतन हुने, दूध उत्पादन घट्ने वा पूर्ण रूपमा बन्द हुने तथा चौपाया कमजोर बन्दै अन्ततः मृत्यु हुने जोखिमसमेत रहने पशु विज्ञहरूले बताएका छन्।

## दश क्विन्टल......

(१, लक्ष्मीपुरबाट तीन क्विन्टल गाँजा बरामद गरेको छ ।

स्थानीय बिजन पटेलको घरमा १५ वटा बोरामा राखिएको ३०० केजी गाँजा बरामद भएको हो । घरधनी पटेल भने फरार रहेको र उहाँको खोजी भइरहेको प्रहरीले जनाएको छ । सर्लाही प्रहरीका प्रवक्ता एवं डिएसपी वेदप्रसाद गौतमले बरामद भएको लागुऔषध गाँजाको सम्वन्धमा अनुसन्धान जारी रहेको जानकारी दिनुभयो ।

## लोककल्याणकारी....

प्रभावकारी प्रणाली बनाउन, वर्गीकरणको आधार स्पष्ट गर्न र लोक कल्याणकारी विज्ञापन वितरणलाई पारदर्शी तथा विधिसम्मत बनाउन निर्देशन दिनुभयो । सरकारी विज्ञापनमा हुने दोहोरोपन हटाई सीमित स्रोतको प्रभावकारी उपयोग गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

प्रेस काउन्सिल ऐन, २०४८ को दफा (१०) मा पत्रपत्रिका वितरण सम्परीक्षण समिति रहने व्यवस्था छ । समितिले पत्रपत्रिकाको वितरण अवस्थाका आधारमा प्रकाशन सङ्ख्या निर्धारण गर्ने, त्यसको अभिलेख अद्यावधिक गर्ने तथा प्रकाशन सङ्ख्या समेतका आधारमा पत्रपत्रिकाको वर्गीकरण गर्ने व्यवस्था छ । त्यसैगरी, प्रेस काउन्सिल (कार्यव्यवस्था) नियमावली, २०४९ मा पत्रपत्रिका वितरण सम्परीक्षणसम्बन्धी उजुरी तथा कारबाहीको व्यवस्था गरिएको छ । पत्रपत्रिका वितरण सम्परीक्षणको मापदण्ड, २०६६ (परिमार्जन २०७९) मा समेत पत्रपत्रिकाको वितरण सङ्ख्या यकिन गर्न प्रेस तथा बजार निरीक्षण गर्न सकिने व्यवस्था गरिएको छ । यी कानूनी व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयन भए नभएको बारे अध्ययन गर्न सञ्चारमन्त्री तिमिल्सिनाले निर्देशन दिनुभएको छ।

पछिल्लो समय अनलाइन, डिजिटल र मल्टिमिडिया सञ्चारमाध्यमको विस्तारसँगै विज्ञापन बजार पनि डिजिटलतर्फ सर्दै गएको छ । यस्तो अवस्थामा छापा माध्यममा मात्र केन्द्रित विद्यमान सरकारी विज्ञापन प्रणाली पुनरावलोकन गरी छापा, अनलाइन र अन्य डिजिटल माध्यमलाई समेट्ने एकीकृत वर्गीकरण प्रणालीको सम्भावना अध्ययन गर्ने तयारी मन्त्रालयले गरिरहेको छ । साथै, लोक कल्याणकारी विज्ञापनको उद्देश्य, वितरण प्रणाली र मिडिया तथा सार्वजनिक सूचना प्रवाहमा परेको प्रभावसमेत समीक्षा गरिने भएको छ। आजको छलफलमा सञ्चारमन्त्री तिमिल्सिनाले प्रेस काउन्सिलको आर्थिक तथा प्रशासनिक काम पारदर्शी र व्यवस्थित बनाउन तथा महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा औंल्याइएका बेरुजु समयमै फर्छ्यौट गर्न सम्बन्धित निकायलाई निर्देशन दिनुभएको छ।




- विभिन्न प्रकारको कोटन रोल
- विभिन्न प्रकारका जिङ्जैङ् कोटन
- डिलेभरी पैड सहितका लागि सम्पर्क स्थान

रामेश्वरम सर्जिकल उद्योग
जनकपुरधाम, १४, मधेश प्रदेश
मो.नं.: ९८१९८३५३२५

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com

राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# ६५ करोडमा जनकपुरका चार ऐतिहासिक पोखरीको पुनरुत्थान

## धनुषसागर, रामसागर, विषहरा र रत्नसागरको संरक्षणसँगै सौन्दर्यकरण र पर्यटन प्रवर्द्धन गरिने

दैनिक समाचारदाता

जनकपुरधाम, ४ भदौ । जनकपुरधाम उपमहानगरपालिकाभित्र रहेका चार ऐतिहासिक तथा धार्मिक पोखरीको संरक्षण, पुनरुत्थान र सौन्दर्यकरण गरिने भएको छ । धार्मिक, सांस्कृतिक तथा पर्यावरणीय महत्त्व बोकेका धनुषसागर, रामसागर, विषहरा र रत्नसागर पोखरीलाई करिब ६५ करोड रुपैयाँको लागतमा पुनर्जीवित गर्न लागिएको हो।



नेपाल सरकारको सहरी विकास मन्त्रालयअन्तर्गत राष्ट्रिय उत्थानशीलता तथा जीवनयापन सुधार आयोजना, आयोजना कार्यान्वयन एकाइको प्रस्तावमा एसियाली विकास बैंक (एडिबी)को ऋण सहयोगमा उक्त कार्यक्रम अघि बढाइएको हो।

जनकपुरधाम उपमहानगरपालिकाको पहलमा सञ्चालन हुने आयोजना वातावरण संरक्षण, पर्यटन प्रवर्द्धन र सहरको सौन्दर्य अभिवृद्धिमा केन्द्रित रहने जनकपुरधामका नगर प्रमुख मनोजकुमार साहले बताउनुभयो।

उहाँका अनुसार पोखरी पुनरुत्थान कार्यक्रमले जनकपुरधामको सांस्कृतिक संरचना र ऐतिहासिक पहिचानलाई पुनर्जीवित गर्नुका साथै पर्यावरण संरक्षणमा समेत महत्त्वपूर्ण योगदान पुऱ्याउनेछ। नगर प्रमुख साहले ऐतिहासिक तथा सांस्कृतिक सम्पदाको संरक्षणसँगै स्थानीयवासीको आवश्यकता, सरोकार र सुझावलाई समेत समेटेर काम अघि बढाइने बताउनुभयो।

उहाँले भन्नुभयो, "जनकपुरधामका यी पोखरी धार्मिक तथा सांस्कृतिक सम्पदाका रूपमा मात्र सीमित छैनन्। यी सहरको पर्यावरणीय सन्तुलन, पर्यटन प्रवर्द्धन र सौन्दर्यका दृष्टिले पनि उत्तिकै महत्त्वपूर्ण छन्। योजनाबद्ध संरक्षण र पुनरुत्थानपछि जनकपुरधामको ऐतिहासिक पहिचान थप मजबुत हुने अपेक्षा गरिएको छ।"

आयोजना कार्यान्वयनअघि प्रस्तावित प्रारम्भिक वातावरणीय परीक्षण (आईईई) सम्बन्धमा गत शुक्रबार चारवटै पोखरी क्षेत्रमा सार्वजनिक सुनुवाइसमेत गरिएको छ। आयोजनाबाट वातावरणमा पर्न सक्ने सम्भावित प्रभावको पहिचान, त्यसको न्यूनीकरणका उपाय तथा स्थानीय सरोकारवालाको सुझाव सङ्कलन गर्ने उद्देश्यले सार्वजनिक सुनुवाइ गरिएको हो।

सार्वजनिक सुनुवाइमा सहभागीहरूले पोखरीको पुनरुत्थान गर्दा वातावरण संरक्षणलाई उच्च प्राथमिकता दिनुपर्ने सुझाव दिएका छन्। पोखरी परिसरमा वृक्षरोपण, आवश्यक स्थानमा वाटर फाउन्टेन निर्माण, निर्माण सामग्रीको व्यवस्थित भण्डारण तथा निर्माणका क्रममा हुने धुलो, ध्वनि र अन्य वातावरणीय प्रभाव न्यूनीकरण गर्नुपर्नेमा उनीहरूले जोड दिएका थिए।

सहभागीहरूले पोखरीको मौलिक धार्मिक तथा सांस्कृतिक स्वरूपमा असर नपर्ने गरी काम गर्नुपर्ने तथा स्थानीय समुदायको आवश्यकता र सहभागितालाई योजनामा समेट्नुपर्ने सुझावसमेत दिएका छन्।

छलफलका क्रममा विषहरा पोखरीको पुनरुत्थानबाट पर्न सक्ने सम्भावित वातावरणीय प्रभाव र त्यसको न्यूनीकरणका उपायबारे विशेष रूपमा चर्चा गरिएको थियो। त्यसैगरी रत्नसागर, रामसागर र धनुषसागरको संरक्षण तथा पुनरुत्थान गर्दा धार्मिक, सांस्कृतिक, सामाजिक र पर्यावरणीय पक्षलाई सन्तुलित रूपमा अघि बढाउनुपर्नेमा सरोकारवालाले जोड दिएका थिए। एडिबीका परामर्शदाता कुलभूषण शर्माले ऐतिहासिक महत्त्व र मौलिक स्वरूपमा असर नपर्ने गरी पोखरी तथा त्यससँग सम्बन्धित सम्पदाको मर्मत, संरक्षण र पुनरुत्थान गरिने बताउनुभयो।

उहाँका अनुसार ऐतिहासिक सम्पदालाई आकर्षक, प्रभावकारी र वातावरणमैत्री बनाउने गरी काम गरिनेछ। सार्वजनिक सुनुवाइका क्रममा प्राप्त सुझावलाई समेत योजनामा समेटेर स्थानीय सहभागितासहित पोखरीको संरक्षण, पुनरुत्थान तथा दीर्घकालीन व्यवस्थापनमा जोड दिइने उहाँले जानकारी दिनुभयो।

यसअघि आयोजनाको पहिलो चरणअन्तर्गत जनकपुरधामका सडक तथा नाला निर्माणका लागि एक अर्ब ६५ करोड रुपैयाँ बराबरको ठेक्का प्रक्रिया अघि बढिसकेको छ।

## ३४ ग्राम खैरो हेरोइनसहित दुई जना पक्राउ

दैनिक समाचारदाता

काठमाडौं, ४ भदौ । खैरो हेरोइनसहित दुई जना पक्राउ परेका छन्। पक्राउ पर्नेमा मोरङको सुन्दरहरैँचा नगरपालिका-१ का ३२ वर्षीय ध्रुवप्रसाद रिजाल र सोही नगरपालिका-९ का ३१ वर्षीय नरेश भट्टराई रहेका छन्।




लागुऔषध नियन्त्रण ब्युरो, कोटेश्वरबाट खटिएको टोलीले उनीहरूलाई विराटनगरबाट पक्राउ गरेको हो।

प्रहरीका अनुसार उनीहरूको साथबाट ३४.६४० ग्राम खैरो हेरोइन बरामद गरिएको छ। पक्राउ परेका दुवै जनामाथि थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

## दुई लाख घुससहित विद्यालय व्यवस्थापन समिति सदस्य पक्राउ

दैनिक समाचारदाता

कैलाली, ४ भदौ । कैलालीमा दुई लाख रुपैयाँ घुससहित विद्यालय व्यवस्थापन समितिका एक सदस्य पक्राउ परेका छन्। पक्राउ पर्नेमा गौरीगंगा नगरपालिका-४ स्थित कालिका माध्यमिक विद्यालय व्यवस्थापन समितिका सदस्य देवबहादुर बम रहेका छन्।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, महेन्द्रनगरबाट खटिएको टोलीले बमलाई बिहीबार धनगढी उपमहानगरपालिका-१ स्थित एक डेरी पसलबाट घुस रकमसहित रङ्गेहात नियन्त्रणमा लिएको हो।

अख्तियार कार्यालय महेन्द्रनगरका सूचना अधिकारी चेतराज भट्टका अनुसार विद्यालयमा कार्यरत कर्मचारीको पारिश्रमिक वृद्धि गराइदिने प्रलोभन देखाएर बमले दुई लाख रुपैयाँ लिएका थिए।

घुस रकमसहित पक्राउ परेका बममाथि थप सोधपुछ तथा अनुसन्धान भइरहेको अख्तियारले जनाएको छ।

## बहुविवाह मुद्दाका फरार अभियुक्त पक्राउ

दैनिक समाचारदाता

सप्तरी, ४ भदौ । सप्तरीको खडक नगरपालिका(७ निवासी एक व्यक्ति बहुविवाह मुद्दामा पक्राउ परेका छन्। पक्राउ पर्नेमा सोही ठाउँका भूपेन्द्र पासवान रहेका छन्।

इलाका प्रहरी कार्यालय कल्याणपुरबाट खटिएको प्रहरी टोलीले बुधबार पासवानलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक हेमराज घिमिरेले जानकारी दिनुभयो।

सप्तरी जिल्ला अदालत, राजविराजले बहुविवाह मुद्दामा दोषी ठहर गरी सजाय सुनाएपछि फरार रहेका पासवानलाई खोजतलासका क्रममा पक्राउ गरिएको हो। पक्राउपछि आवश्यक कारबाहीका लागि उनलाई अदालतमा उपस्थित गराइएको प्रहरीले जनाएको छ। प्रहरी नायब उपरीक्षक घिमिरेका अनुसार बहुविवाह मुद्दामा पासवानलाई एक वर्ष कैद र १० हजार रुपैयाँ जरिवाना सजाय तोकिएको छ।

## संविधान संशोधनमा दुई तिहाइ मात्र पर्याप्त हुँदैन : रवि

दैनिक समाचारदाता

काठमाडौं, ४ भदौ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले प्रतिनिधिसभामा दुई तिहाइ बहुमत पुग्दैमा संविधान संशोधन गर्न पर्याप्त नहुने बताएका छन्। बिहीबार प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा आफ्नो धारणा राख्दै सभापति लामिछानेले रास्वपाका सांसदहरूलाई संविधान संशोधनसम्बन्धी विषय उठाउँदा संवैधानिक व्यवस्था र कानुनी प्रक्रियाबारे स्पष्ट हुन आग्रह गर्नुभयो।



उहाँले प्रतिनिधिसभामा दुई तिहाइ बहुमत पुग्नु मात्र संविधान संशोधनका लागि पर्याप्त नहुने उल्लेख गर्दै यस विषयमा बोल्दा संवेदनशीलता र तथ्यगत पक्षमा ध्यान दिनुपर्ने बताउनुभयो।

"कतिपय साथीहरूले हामी संविधान संशोधन गर्छौं भन्नुभएको छ। प्रतिनिधिसभामा दुई तिहाइ पुग्दैमा त्यो संविधान संशोधनका लागि पर्याप्त अंक होइन," लामिछानेले भन्नुभयो, "संविधान संशोधन प्रतिनिधिसभाको दुई तिहाइबाट मात्र हुन सक्दैन।"

उहाँले सरकारलाई सघाउने प्रतिबद्धतालाई भने सकारात्मक रूपमा लिनुपर्ने बताउँदै राजनीतिक अभिव्यक्तिमा भावना मात्र नभई तथ्य, कानुन र संविधानलाई समेत ध्यान दिनुपर्ने धारणा राख्नुभयो।

लामिछानेले अहिलेको संवैधानिक व्यवस्थालाई स्वीकार गर्दै जनताले दिएको जनादेशलाई अधिकतम रूपमा कार्यान्वयन गर्न सबै पक्ष प्रतिबद्ध हुनुपर्नेमा जोड दिनुभयो।

संवैधानिक निकाय र लोकतान्त्रिक संस्थाप्रति अनावश्यक आरोप लगाउँदा ती संस्थाको विश्वसनीयता र नेतृत्वको मर्यादामा असर पर्न सक्ने उहाँको भनाइ थियो। संविधानले तोकेको प्रक्रिया र जिम्मेवारीअनुसार नै संवैधानिक निकायका पदाधिकारी नियुक्त हुने भएकाले संस्थामाथि टिप्पणी गर्दा संयमित हुनुपर्ने उहाँले बताउनुभयो।


"हामीले अदालत पनि पार्टीको हो, यो पनि पार्टीको हो भनिदिन अलिकति मिल्दैन," उहाँले भन्नुभयो, "संविधानमा भएको व्यवस्थाअनुसार नै संवैधानिक निकायका व्यक्तिहरूले आफ्नो दायित्व पूरा गरिरहेका हुन्छन्।"

उहाँले आफू कुनै व्यक्तिको पक्षमा नभई संस्थाको सम्मान र विश्वसनीयता जोगिनुपर्ने पक्षमा रहेको स्पष्ट पार्नुभयो। व्यक्तिप्रतिको असन्तुष्टिका कारण लोकतन्त्रका आधारस्तम्भका रूपमा रहेका संस्थालाई कमजोर पार्दै जाने हो भने अन्ततः लोकतान्त्रिक प्रणाली नै धराशायी हुन सक्ने उहाँको भनाइ थियो।

"संस्थाको क्षयीकरण गर्दै गयौं भने त्यसले अन्ततोगत्वा लोकतन्त्रलाई धेरै कमजोर बनाउन सक्छ," लामिछानेले भन्नुभयो। उहाँले एकअर्काप्रति विश्वास नहुने र कसैले कसैलाई नटेर्ने समाजको परिकल्पना आफूले नगरेको बताउँदै समस्या समाधानका लागि संविधान र लोकतान्त्रिक संस्थाहरूलाई कमजोर बनाउने होइन, आवश्यक सुधारको बाटो खोज्नुपर्ने धारणा राख्नुभयो।

"हामीले गर्ने संशोधनले सके एक-दुई वटा इँटा थप्ने, नसके त्यसलाई क्षयीकरण हुन नदिने गरी पनि समस्या समाधान गर्ने बाटो पहिल्याउनुपर्छ," उहाँले भन्नुभयो।

अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

Janakpurdham-4,Dhanusha Nepal
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४